# गैंडाकोट नगरपालिका
## दोस्रो नगरपरिषद
## आ.ब.२०७३/०७४ को लागि
## बजेट,नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ता-,बद्रि प्रसाद तिवारी ,कार्यकारी अधिकृत**

- यस दोश्रो नगरपरिषदका श्रद्धेय प्रमुख अतिथि माननिय सभासद प्रा.डा.शशांक कोईरालाज्यू,बिशिष्ठ अतिथि माननिय सभासद कृष्ण पौडेल ज्यू, बिशेष अतिथि ज्यूहरु, अतिथि ज्यू, राजनीतिक दलका प्रमुख एबं प्रतिनिधि ज्यू हरु, हामीले आमन्त्रण गरी यहा पालनु हुने सम्पूर्ण आमन्त्रित ब्यक्तित्व हरु, संचारकर्मी मित्र हरु एबं महिला तथा सज्जन बृन्द , सबैमा मेरो ब्यक्तिगत र नगरपालिका परिबार को तर्फबाट सर्ब प्रथम हार्दिक स्वागत एबं अभिनन्दन गर्न चाहान्छु ।

नेपाल र नेपालीलाई समृद्ध र समुन्नत गराउने अभिलाषा र मनोकांक्षाका साथ २००७ साल देखी आज को दिन सम्म आई पुग्दा भएका सबै किसिमका आन्दोलन हरुमा बिरगति प्राप्त गर्ने सबै नेपाली आमाका सपुतहरु प्रति श्रद्धा सुमनका साथ सबै नगरबासीको तर्फबाट हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु ।

दक्षिण एसियामा नै प्रशिद्ध देबघाटक्षेत्र को परिषरमा रहेको मौलाकालिका को फेदि मा रहि कैलास सन्यास आश्रम,मुकुन्दसेन दरबार,पूर्ब पश्चिम राजमार्ग को सिलन्यास स्थान जस्ता ऐतिहासिक महत्व बोकेका स्थानहरु लाई आफनो आगनीमा राख्दै पबित्र कृष्ण गण्डकी को संगम भएको नारायणी नदि को किनारामा अबस्थित कुल क्षेत्रफलको ५१% प्रतिशत बन क्षेत्रले ढाकेको,सबै जात जातीको बसोबास भई सुन्दर मानब बगैंचा को रुपमा रहेको,मेहनती र परिश्रमी हात हरुले सिञ्चित यस सुन्दर नगरी गैंडाकोट नगरपालिकाको दोश्रो नगरपरिषद को यस शुभ दिनमा यस नगर र नगरबासी को बिकास र भबिष्य संग चासो जोडिएको, स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै नगरको चौतर्फी बिकासका लागी नेपाल सरकारले दिएको निर्देशन अनुसार राजनैतिक दलका प्रतिनिधिहरुको अनबरत सहकार्य र समन्बय,प्रबुद्ध बिकास प्रेमी नगरबासीको सल्लाह र सुझाबमा तयार गरिएको आर्थिक बर्ष ०७३/०७४ मा अबलम्बन गर्ने नीति बजेट तथा कार्यक्रमहरु यो गरिमामय सभामा पेस गर्ने अबसर पाउदा म आफुलाई गौरबान्वित महशुस गरेको छु ।

स्थानीय स्वायत्त शासन ऐन र नियमले ब्यबस्था गरे अनुसार सहभागितात्मक योजना तर्जुमा प्रकृया अबलम्बन गरी नगरपालिकाको आन्तरिक स्रोत,नेपाल सरकारबाट नगरपालिकालाई प्राप्त हुने सःशर्त,निःशर्त तथा अन्य अनुदान, नगरपालिकाको आन्तरिक स्रोत समेतलाई आधार मानी सोहि सिलिङगका आधारमा सहभागितात्मक योजना तर्जुमाका बिभिन्न चरणहरु पार गर्दै स्थानीय स्वायत्त ऐन,२०५५ स्थानीय स्वायत्त शासन नियमाबली,२०५६ स्थानीय निकाय स्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि,२०६९ तथा प्रचलित निर्देशिका र कार्यबिधिको अधिनमा रही आगामी आ.ब.२०७३/०७४ को अनुमानित बार्षिक निति, बजेट तथा कार्यक्रमलाई प्रस्ताबित गरिएको छ ।

**आगामी आ.ब.२०७३/०७४ को लागि बजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिईएको छ**

- नेपालको संबिधानले परिलक्षित गरेका अबधारणाहरु,
- चालु योजनाले निर्धारण गरेका अबधारणा तथा प्राथमिकताहरु,
- स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमाबली २०५६ ले गरेका ब्यबस्थाहरु,
- नेपाल सरकार तथा संङ्घीय मामिला तथा स्थानीय बिकास मंन्त्रालयले समय समयमा दिएका निर्देशन र मार्गदर्शन
- माननिय सभासदज्यू,राजनैतिक दल,गै.स.स.,संचार जगत,नीजि क्षेत्र तथा नागरिक समाज बाट प्राप्त सल्लाह र सुझाबहरु,

- जिल्ला बिकास समिति बाट प्राप्त नीति , निर्देशन र मार्गदर्शनहरु,
- नगर गुरु यातायात योजना ,
- बस्ती/वडा भेला ,वडा नागरिक मंच,टोल बिकास संस्थाहरु,सामुदायिक संस्था सबैका गोष्ठि हुदै सहभागितामूलक र समाबेशी योजना तर्जुमा प्रकृया द्धारा प्राथमिकिकरण सहित प्राप्त भएका योजना हरु,

**अब म यस सम्मानित नगरपरिषद समक्ष प्रस्तुत बजेटका आधारभूत सोच निम्नानुसार रहेको जानाकारी गराउदछु;**

नगरको बिकास र सो मार्फत नगरबासीको जिबनमा रुपान्तरण गर्न भौतिक पुर्बाधार र सामाजिक क्षेत्रमा लगानी अभिबृद्धि गर्दै बिगतमा भन्दा सिचांई उपलब्धता सम्बन्धि कार्यक्रममा बजेट बृद्धिबाट कृषि क्षेत्रमा ब्यबसायिकता आई कृषि उपजमा बृद्धि हुने अपेक्षा गरिएको छ ।बिकासका श्रोत र साधनको न्यायपूर्ण बितरण,धार्मिक पर्यटन क्षेत्रको बिकास र चालु आ.ब. भन्दा आगामी आ.ब. एकिकृत सम्पत्ति करको कार्यान्वयन बाट र प्रशासनिक क्षमता बढाई राजश्व परिचालनमा उल्लेखनिय बृद्धि गरिने छ ।

**यस नीति,बजेट तथा कार्यक्रमले लिएका प्राथमिकताहरु**
**माथि उल्लेखित सोच अनुरुप बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ;**

- भौतिक पुर्बाधार को बिकास,
- स्वास्थ्य,शिक्षा,बाताबरण,बृक्षारोपण तथा सरसफाईमा लगानी बृद्धि गरी सामाजिक बिकासलाई तिब्रता,
- लक्षित कार्यक्रमको माध्यमबाट महिला,आदिबासी जनजाती,पिछडाबर्ग लगायतको सहभागितात्मक सामुदायिक बिकास ,
- धार्मिक सम्पदाको संरक्षण र बिकास एबं बाताबरण मैत्री पार्क ,उद्दान र पोखरी संरक्षण र निर्माण,
- मानब अधिकार,एकल महिला,जेष्ठ नागरिक,अपाङगता भएका ब्यक्ति हरुको संरक्षण,प्रोत्साहन,सम्मान र शसक्तिकरण,
- सार्बजनिक सेवा प्रबाहमा सुधार,
- सरकारी -सहकारी-स्थानीय निकाय साझेदारीको रुपमा सहकार्य गरी कृषि क्षेत्रको बिकास,

**अब म आगामी आर्थिक बर्षको लागि बजेटका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**क्षेत्रगत नीतिः**

-नगरको अग्रगामी बिकास ठोस रणनीति,कार्यक्रम र प्रतिबद्धता सहितको सामुहिक सहकार्यबाट मात्रै सम्भब छ ।सन्तुलित र दिगो बिकासका लागि बिध्यमान स्रोत र साधनको उच्चतम उपयोग र परिचालन गर्दै बिकास निर्माण कार्यलाई नतिजामूलक बनाउन आगामी आ.ब.को लागि सबै नगरबासी को सल्लाह सुझाब एबं एकिकृत योजना गोष्ठिको निर्देशन बमोजिम देहायका क्षेत्रगत नीतिहरु अंगिकार गरिएको छः

**१-भौतिक पूर्बाधारः**

-बिकेन्द्रिकरणको मान्यता र सबै नागरिकलाई बिकासमा सहभागिता गराउने नीति अनुरुप सबै वडामा सडक बिस्तार स्तरोन्नति एबं कालो पत्रेका लागि पहल गरिने छ ।
-थोरै थोरै बजेट बिनियोजन गर्ने र त्यसले उपलब्धि पनि राम्रो नदिने हाम्रो बिगतको बिकासको इतिहास हुदा बिनियोजित बजेटबाट केहि उपलब्धि हासिल गर्न सकियोस भन्ने हेतुले नतिजामूखी हिसाबमा बजेटलाई बिनियोजन गर्ने नीति लिईएको छ ।

-समुदायमा आधारित बिकासले नै दिगोरुप लिन सक्ने हुदा सामुदायिक क्षेत्रको बिकासका लागि लक्षित क्षेत्रको आफ्नै सहभागितामा सामुदायिक पूर्बाधार निर्माण गर्ने नीति अख्तियार गरिएको छ ।
-हाम्रो देशनै कृषि प्रधान देश त्यसैमा हाम्रो गैडाकोट नगरपालिका आफैमा कृषिक्षेत्रको प्रचुर सम्भाबना बोकेको नगर भएकोले सिचाईको लागि जनसहभागितामा स्यालो ट्युबेलको माध्यमबाट सिचाई सेवा उपलब्ध गराउने नीति लिईएको छ ।

**<u>२-खानेपानी तथा सरसफाईः</u>**

-खानेपानी को अभाब कस्तो हुन्छ भन्ने कुरालाई राम्रो संग बिगतको अभाबको साक्षी भएका गैंडाकोट नगरबासीको अथक मेहनत,प्रयास ,योगदान र सहभागिता मा नगरभित्र अहिले देशकै नमुना र सुरक्षामा आधारित भएर गुणस्तरिय एबं स्वच्छ पिउने पानी उपलब्ध गराउने राष्ट्रियस्तरका योजना हरु संचालित छन भने साना लघु खानेपानी योजना हरु पनि संचालनमा भएकोले तिनीहरुको संरक्षण र गुणस्तरियता लाई ध्यान दिएर खानेपानी ऊपलब्ध गराईने छ ।
-गेंडाकोट नगरपालिका पूर्ण खुला दिशामुक्त नगरपालिका पनि भएको र गैडाकोट नगरपालिका भित्रको साबिक अमरापुरि गा.बि.स. देशकै पहिलो पूर्ण सरसफाई घोषणा भएको गा.बि.स. भएकोले अहिले हामीले त्यो पुरानो अनुभबलाई संगालेर नगरपालिकाको सबै क्षेत्रमा अनुभब आदान प्रदान गरिने छ भने यो नगरपालिकामा बाताबरण मैत्री कार्यक्रम समेत लागु गरेको ले यस कार्यक्रम लाई सरसफाई संग समन्बय गरेर अगाडि बढाईने छ ।
-POST ODF का क्रियालकाप संचालन गर्न बिशेष कार्यक्रम तयार गरिने छ ।

**<u>३-बिपद ब्यबस्थापन तथा संरक्षणः</u>**

- हामी भरखरै ठुलो भूकम्पको धक्काबाट पिडा ब्योहोरेर आईरहेका छौ । आजको दिनमा पनि हाम्रा कति नेपाली दाजुभाई दिदी बहिनी,आमा बुवा हरु त्यहि भूकम्पको कारण चिसोमा बस्न बाध्य हुनु भएको छ ।त्यस्तो अबस्थामा पनि सानो सहयोग गर्न नपाउदा मन गह्रुङ्गो बनाउने बाहेक अरु बिकल्प हामी संग थिएन ।तसर्थ चालु आ.ब. देखी नै बिपद ब्यबस्थापनलाई सानो अंशमा भएनी संम्बोधन गर्ने प्रयोजन को लागी बिपद ब्यबस्थापन तथा दैबी प्रकोप कोष को स्थापना गरिएको छ ।प्रकोपबाट नगरबासीको सुरक्षाको लागि भूकम्प लगाएतका पूर्ब सचेतनामूलक कार्यक्रम तर्जुमा गरी संचालन गरिने छ ।बाताबरणीय कार्यक्रम बाट भू-क्षय न्यूनिकरण गर्ने नीति लिईने छ ।
- पुरै भूकम्प प्रतिरोधी बैकल्पिक निर्माण सामाग्री प्रयोग गरी नगरपालिका भित्र बाताबरणमैत्री घर लगायतका संरचना बनाउने लाई प्रोत्साहन स्वरुप नक्सा पास राजश्वमा ७५ प्रतिशत राजश्व छुट दिने नीति चालु आ.ब. बाटै लागु गर्न प्रस्ताब पेश गरेको छु ।जसले गर्दा नगर क्षेत्रको बन जंगल जोगाउन र सहयोग पुगी बिपद बाट नगबासी सुरक्षित हुन मद्दत मिल्ने अपेक्षा गरेका छौं ।साथै नगरपालिकाले यसै आ.ब.मा एक नमुना पुरा भुकम्प प्रतिरोधी भबन को निर्माण को थालनी गर्ने छ ।

**<u>४-बिद्युत तथा बैकल्पक उर्जाः</u>**

-नगरपालिकामा बैकल्पिक उर्जाको क्षेत्रमा नबिन सोच तथा योजनाका साथ अग्रसर समुदाय तथा संस्थालाई बिशेष प्रोत्साहन गरिने छ ।
-गैंडाकोट नगरपालिका त्यो पनि नेपालको मध्य बिन्दुमा रहि बिकासका पूर्बाधार भएको नगरबासीहरुले बिजुलीको पोल नभएर बिद्युत सेवाबाट बञ्चित हुनु परेको हुदा आगामी आ.ब.मा कुनै पनि बस्ती भएको ठाउमा पोलको अभाबमा बिद्युत सेवाबाट बञ्चित हुन नदिने नीति अख्तियार गरिने छ ।

**५-सुचना तथा संचारः**

- नागरिकलाई सुचनाको हकको पहुच बढाउन आजैको मिति बाट यस गैंडाकोट नगरपालिकाको web site र हाल Android system ले मात्र support गर्ने Mobile app लाई सार्बजनिकिकरण गरी सुचना प्रबिधिको माध्यमबाट देश बिदेशमा रहने सबै नगरबासी तथा अन्य नागरिकलाई नगरपालिकाको सुचनामा पहुच बढाईने छ र पछि यो थप ब्यबस्थित गर्दै सबै Mbile system मा हुने गरि बनाईने छ साथै चालु आ.ब. को केहि महिना भित्रै नगरपालिका कार्यालयको परिसर लाई Free wi-fi Zone को रुपमा ब्यबस्थित गरिने छ ।

-स्थानीय बिजय एफ.एम. संगको सहकार्यमा नगरपालिकाको सबै गतिबिधिहरु समेटेर बिकास गतिबिधि हरु एवं प्रशासनिक सम्बन्धि जानाकारीमूलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**६-लैंगिक समानता र सामाजिक समाबेशिकरणः**

**महिला तथा बालबालिकाः**

-नगरभित्र निर्णय प्रकृया र आयोजना छनौट,योजना तर्जुमा,कार्यान्वियन,अनुगमन मूल्यांकनका समग्र प्रकृयामा महिला तथा बालबालिकाको सहभागिता सुनिश्चित गर्दै लैंगिक बिभेदलाई न्यूनिकरण गरिने नीति अबलम्बन गरिने छ ।

-लैंगिक सहभागिताको सुनिश्चितता लाई सुदृढ गराउन महिला मैत्री तथा बाल मैत्री नीति अबलम्बन गरिने छ ।

-एकल महिला,द्धन्द पिडित महिला,असाह्य ,अपांग,पिछडिएको महिलाहरुको जिबनस्तरमा सुधार ल्याउन शिपमूलक र आयमूलक कार्यक्रम संचालन गरिने छ ।

-लैंगिक हिंसा न्यूनिकरण सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

-सामान्य प्रबिधिक ज्ञानको अभाबमा झ्याप्प बिजुली जादा र पानीको गेटबल लुज हुदा पनि सरासर पसल तिर जान्छौ र मिस्त्रिलाई सामान्य देखाएको २/३ सय खर्च लेख्छौ ।यसो नहोस भन्नाका लागि घरमा शिप सबैले जान्नु पर्दछ भन्ने मान्यताले आधारभूत प्लम्बिङ र ईलेक्ट्रेसियन तालिम महिला केन्द्रित भई संचालन गरिने छ जसको लागि पानी महिला र बिजुली महिला नामको कार्यक्रम सबै वार्डलाई लक्षित गरेर संचालन गरिने छ ।

- नगर महिला समन्वय समिति र बाल संञ्जालको को क्षमता बिकास गरी यसको भूमिका प्रभाबकारी बनाईने छ ।

-नगरपालिका बाट निर्माण गरिने संरचना गरिनेमा बालमैत्री संरचना निर्माण गरिने छ ।

-बालमैत्री स्थानीय शासन CFLG लाई अबलम्बन गर्दै सो को २०७४ चैत्र मसान्त भित्र बालमैत्री नगरपालिका बनाउने कार्यमा प्राथमिकताका साथ लगानी गरिने छ सो को लागि आगामी बर्ष देखि लक्षित बजेट सहित बालबालिका को क्षेत्रमा १५ प्रतिशत लगानी गरिने नीति अबलम्बन गरिने छ ।

-बाल अधिकारको सम्बर्द्धन र संरक्षणका लागि बाल मैत्री स्थानीय शासनको अबधारणलाई बिभिन्न कार्यक्रमहरुमा समाहित गर्दै लगिने छ ।

**-दलित,आदिबासी-जनजातीः**

-दलित बर्गको समग्र उत्थानको लागि शिपमूलक र परम्परागत शिप र ज्ञानलाई थप ब्यबसायिकरण गरिने छ ,

-मानिस भनेका दुई जात महिला -पुरुष मात्र हुनभन्ने अबधारणाबाट दलित जातीको बिकास र छुवाछुत जस्ता अमानबिय कार्यलाई न्यूनिकरण गर्न आबश्यक नीति अख्तियार गरिने छ ।

-गैंडाकोट नगरपालिकामा आजको दिन सम्म पनि १६ भन्दा बढी प्रकारका जातजातीको बासोबास रहेको अबस्था छ ।सबै आदिबासी जनजाती हरुको पहिचान र संस्कृति भनेको आन्तरिक पर्यटक लाई

बिस्तार गर्न सकिने महत्वपूर्ण क्षेत्र पनि हो त्यसैले गैंडाकोट नगरपालिकाको एक उपयूक्त स्थानमा सबै आदिबासी जनजाती हरुको पहिचान र संस्कृति झल्किने किसिमले एक संग्राहलय को निर्माण गरिने छ ।जसबाट गैंडाकोट नगरपालिकाको थप पहिचान मिल्ने बिश्वास लिएको छु ।

- माझी, मुसहर,बोटे तथा पिछडिएका जातीको बिकासको लागी थप प्रभाबकारी कार्यक्रम संचालन गरिने छ ।

**<u>-जेष्ठ नागरिकः</u>**

-जिबनको सबै महत्वपूर्ण समय राष्ट्र निर्माणमा लगाएका हाम्रा अग्रजहरुको सम्मान गर्नु हामी सबैको दायित्व पनि हो ।त्यसैले हाम्रा अग्रज जेष्ठ नागरिकहरुलाई सेवा र सुबिधा यूक्त आश्रम स्थल निर्माण गरी भजन, कृतन,अध्ययन,प्राथना लगाएत बिश्राम गर्नको लागि नगरपालिको १५ नं वार्डमा स्थानीय युबा,सहयोगी नागरिक लगाएत संघ संस्था र नगरपालिकाको साझेदारीमा एक जेष्ठ नागरिक बिश्राम घर तथा बाचानालय निर्माण गरिने छ ।

-नगरपालिका भित्र रहेका मठ मन्दिर,गुम्बा लगाएत जुन स्थानमा जेष्ठ नागरिकको भेला र उपस्थिती हुन्छ त्यस स्थानलाई थप ब्यबस्थित गरी हाम्रा अग्रजहरुको अबकास जीबनको दिनचर्या लाई सुखमय बनाउने नीति लिईने छ ।

**<u>- अपांगताः</u>**

-अपांगता भएका ब्यक्तहरुको लागि शसक्तिकरणको कार्यक्रम संचालन गरिने छ ।क्षमता अनुसारको स्वरोजगार प्राप्त हुने गरि कार्यक्रमलाई लक्षित गरिने छ ।

-नगरपालिका भित्र रहेको र अपांगता भएका बालबालिकाको पठनपाठन गरिने नेपाल राष्ट्रिय समसेर मा.बि.को त्यस्ता अपांगता भएका बालबालिका बस्ने स्थानको थप ब्यबस्थित बनाउदै थप सुबिधा यूक्त गराईने छ ।

- माथि बालबालिका शिर्षकमा उल्लेख गरिए अनुसार नगरपालिकाले निर्माण गर्ने संरचना अपाङग मैत्री गराईने छ ।हालै निर्माण गरिएको यहि कार्यक्रम स्थलको उत्तर पश्चिम क्षेत्रमा रहेको नगरपालिका परिसर भित्रको नगरशान्ति बाटिका सगै रहेको सेवाग्राही प्रतिक्षालय बालमैत्री र अपांग मैत्री अबधारणाबाट निर्माण गरिएको छ ।

**<u>-सामाजिक परिचालनः</u>**

-स्थानीय निकाय स्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि २०६९ ले दिएको संरचना भित्र रहेर एकिकृत योजना तर्जुमा गर्दा कता कता सवै वार्ड नागरिक मंचका संयोजक हरु सहभागी हुन नपाउदा योजना छनौट नागरिक चाहाना बाहिर जाने होकि भन्ने सम्भाबना भित्र रहेर काम गर्दा अलि अप्ठयारो महशुस हुने रहेछ। हाम्रो नगरपालिका भित्रको केहि प्राबिधिक कठिनाईले अझै पनि वार्ड नागरिक मंच गठन हुन सकि रहेका छैनन ।

त्यसले योजना छनौटमा प्रत्यक्ष असर पारेको हुदा आगामी दिनमा छिटै नगरपालिकाले वार्ड नागरिक मंच गठन गरी सामाजिक परिचालनको पाटोलाई दरिलो बनाई नगरपालिकाको बिकास कार्यमा उनिहरुलाई WATCH-DOG को भूमिका गराउन क्षमता बिकास गरिने छ ।

यसका लागी नगर भित्र कृयाशिल,बिकासका हिमायती र समुन्नत नगरको परिकल्नाकार राजनीतिक दलहरुको राम्रो सहयोग हुने आशा लिएको छु ।साथै बिपन्न नागरिकहरु रहेको बस्ती हरुमा भएका नागरिक सचेतना केन्द्र(CITIZEN AWARNESS CENTRE) निर्णय क्षमता मा बृद्धि गरि भूमिका प्रभाबकारी बनाईने छ,साथै आय आर्जन मार्फत आर्थिक रुपमा सबलीकरण गराउने प्रयास गरिने छ ।

**- गैह्र सरकारी संस्था संग सहकार्य र समन्बयः**

-गैंडाकोट नगरपालिका भित्र हाल राष्ट्रिय स्तरमै पहिचान गरेका गैर सरकारी सस्थाहरु रहेका छन ।गैडाकोट लगायत देशकै अन्य स्थानमा समेत गएर सामाजिक बिकासमा यि संघ सस्थाहरुले काम गरि रहेका छन ।त्यसैले यस्ता संघ सस्थाहरुलाई नगरपालिका भित्र काम गर्ने बाताबरण मिलाउन उनि

हरु संग बसेर थप छलफल गरिने छ  र नगरपालिका भित्र बिषयगत कार्यालय बाट संचालन गरिने र गैर सरकारी सस्था बाट संचालन गरिने योजना का बिच समन्बय गर्ने ,दोहोरो पन हटाउने,सामाजिक परिचालनको पाटोलाई प्रभाबकारि बनाउन पहल गरिने छ।

**-जनसंख्या ,मानब बिकास तथा सामाजिक सुरक्षा;**

- नगरपालिका भित्रको मानब संशाधन बिकासलाई  ब्यबसायिक तथा प्राबिधिक शिक्षामा जोड दिने नीति अबलम्बन गरिने छ ,

-नगरपालिकाको आफनो सेवा प्रबाहमा प्रभाबकारिता बृद्धि गर्न रिक्त पदमा पदपूर्ति गर्ने प्रकृया अगाडि बढाईएको छ ।कार्य सम्पादनको आधारमा मूल्यांकन गरी पुरस्कार र दण्डको ब्यबस्था लागु गरिएकोछ ।

-कर्मचारीको मनोबल बृद्धि गर्न कार्यालय को संरचनालाई कार्य बाताबरण अनुकुल बनाउदै लगिने छ - सामाजिक सुरक्षा भत्ता एबं बाल संरक्षण अनुदान को बितरण प्रकृयालाई हाल वार्ड नं. १ देखी ९ सम्म को लागी गैडाकोट मै रहेको राष्ट्रिय बाणीज्य बैक बाट संझौता गरी बैंकिङ माध्यमबाट खर्च लेखिन शुरुवात गरिएको छ  आगामी  आ .ब.बाट नगरपालिका का सबै वार्ड हरुमा लागु गरिने छ।

-गैंडाकोट नगरपालिका पुर्ण साक्षर नगरपालिका घोषणा भई सकेको ले यहा हाल घोषणा हुने समयमा कायम रहेको साक्षरता दर लाई कमी हुन नदिने नीति अख्तियार गरिने छ।

-समग्र नगरपालिका भित्र रहेको सरकारी बिद्यालयको शैक्षिक स्तर उकास्नु हामी सबैको प्रमुख चुनौती हो त्यसैले यसका लागि नगरपालिकाले बिशेस पहल गर्ने छ। बिद्यालय संचालन हुने दिनमा नगरपालिका भित्र शिक्षा सम्बन्धि बाहेक प्रजातन्त्र ,गणतन्त्र,संबिधान दिबस जस्ता महत्वपूर्ण दिनमा बाहेक बिद्यार्थी शिक्षक उपस्थित गराउने नीति लिइने छैन ।बिद्यार्थी,शिक्षक उपस्थित बनाउने कार्यक्रमलाई नगरपालिकाले निरुत्साहित गराउदै जाने छ।

-नगरपालिका भित्र रहेका स्रोत केन्द्र हरुको बिकास र स्तरोन्ति गर्ने कुरा मा बिशेष पहल गरिने छ।

-निजी क्षेत्रबाट संचालित नगरपालिकाले अबलम्बन गरेका राष्ट्रिय नीति(बाताबरण मैत्री,बाल बालिका मैत्री) हरुलाई आत्म साथ गरेको देखिएमा त्यस्ता बिद्यालयलाई नगरपालिकाले सम्मान सहित पुरस्कृत गर्ने  नीति लिईने छ।

-गैंडाकोट नगरपालिकाको पितौजीघाट स्वास्थ्य चौकीलाई  नेपाल सरकारले अबलम्बन गरेको एक नगर पालिका एक १५ सैय्या अस्पताल को रुपमा बिकास गरिने नीति अबलम्बन गरि सकिएको छ। हाल पितौजीघाट स्वास्थ चौकीमा प्रसुति स्याहार UNITलाई ब्यबस्थित गरि सुरक्षित प्रसुति सेवा दिन लागिएको छ।

-हाल गैडाकोट नगरपालिका भित्र रहेको  सामुदायिक अबधारणामा सञ्चालनमा आएको सहज सामुदायिक अस्पताललाइ एक राम्रो सामुदायिक अस्पतालको रुपमा अगाडि बढाउन नगरपालिका ले आबश्यक सहयोग गर्ने छ साथै सहज सामुदयिक अस्पतालमा संचालन मा आएको प्रसुती केन्द्र लाई ब्यबस्थित गराउने कार्यमा आबस्यक सहयोग पुर्याईने छ।नगरपालिकाको पोषणको अबस्थामा सुधार ल्याउनका लागि बहुसरोकारवाला पोषण योजना(MULTI SECTORAL NUTRITION PLAN)नगरपालिकामा कार्यान्वयनमा थप सहजता ल्याईने छ।

-स्वास्थ्य स्वास्थ्य  सेबिकाको सहयोगको मूल्याकन त गर्नै सकिदैन उनिहरुको कारणले  आज हामी कति अन्तराष्ट्रिय फोरम हरुमानेपालको शिर उचो राख्न सकिएको छ।तथापी नहगरपालिकाले उनिहरुलाई खुसी राख्न बिशेष पहाल गरिने छ।

**-बन,बाताबरण, पर्यटनः**

-गैंडाकोट नगरपालिकाको कुल क्षेत्रफलको ५१ प्रतिशत भू-भाग बन क्षेत्रले ढाकेको छ ।करिब करिब सबै बन क्षेत्रको ब्यबस्थापन र संरक्षण समुदाय बाटै भएको छ ।सामुदायिक बन समुहहरुले बन संरक्षणबाट प्राप्त आम्दानी समुदायकै भौतिक र सामाजिक बिकास मा खर्च गरिरहेका छन ,यसरी नगरभित्रै गरिने खर्चलाई समन्बय गरि दोहोरो नपर्ने गरी अगाडि बढाईने नीति लिईने छ ।

-बाताबरण संरक्षण ऐन २०५३,नियमाबली २०५४ तथा बाताबरणीय स्थानीय शासन प्रारुप २०७० अनुसार बाताबरणमैत्री आयोजना संचालन गरिने छ ।नगरभित्र रहेका ताल,तलैया,पोखरी को संरक्षण बृक्षारोपण एबं पार्क निर्माण गरि सुन्दर हरा भरा नगर बनाईने नीति लाई निरन्तरता दिईने छ ।साथै तुलनात्मक रुपमा कम प्रदुषण गराउने सबारी साधनलाई संचालन गर्न नगर भित्र प्रोत्साहन गरिने छ ।

-गैंडाकोट नगरपालिका भित्र मौलाकालिका मन्दिर ,कैलास सन्यास आश्रम,ब्यबस्थित र हराभरा सामुदायिक बन क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा बिकास गर्न सरोकार निकाय संग समन्बय गरी जाने नीति लिईने छ ।

-नारायणी नदि पूर्बबाट गैडाकोट नगरपालिका प्रबेश गर्ने क्रममा गैडाकोट नगरपालिका भित्र रहेका सबै क्षेत्रको पहिचान देखिने गरी एक भब्य,आकर्षक,र सुन्दर कलात्मक प्रबेश द्धारको निर्माण कार्य को थालनी गरिने छ जसको निर्माण सम्पन्न पछि गैंडाकोट नगरपालिका भित्र प्रबेश गर्ने सबैलाई सांकेतिक रुपमा गैंडकोट नगरपालिकाको परिचय त्यहि प्रबेश द्धारले दिने बिश्वास लिएको छु ।

-गैडाकोट नगरपालिका भित्र एक अन्तराष्ट्रिय स्तरको खेलग्राम को निर्माण गर्न सरोकार निकायमा पहल गरिने छ । जसले नगरपालिकालाई अन्तराष्ट्रिय रुपमा पहिचान दिन मद्दत गरी खेल पर्यटनको बिकास हुने बिस्वास लिएको छु ।साथै नगर स्तरिय खेलकुद बिकासलाई प्रोत्साहन गरि युबा हरुको खेल मार्फत बौद्धिक बिकास गर्न कार्यक्रम संचालन गरिने छ ।

**-सहकारी,गरिबी निबारण तथा उद्यमशिलताः**

-गैंडाकोट नगरपालिका सहकारीको बिकास र सहकारी मार्फत समाजको आर्थिक बिकास गर्ने कार्यमा देशमा नै प्रख्यात भई सकेको छ । नगरभित्र हाल बिभिन्न बिषयगत सहकारी हरु गरेर ४२ को हाराहारीमा संचालनमा छन ।बचत तथा ऋण सहकारी हरु ठुलो पूजीमा कारोबार गरिरहेका छन भने कृषि तथा महिला सहकारी हरु न्यून पूजिमा सदस्य सेवा दिएका छन। यसरी संचालित सहकारीहरुको क्षमता बिकास गरि प्रभाबकारी सदस्य सेवा प्रदान गर्ने र ठुला सहकारी हरुलाई उत्पादन मूलक कार्यमा लगानी गरि गरिबी न्यूनिकरण गर्न सहकारी समन्बय मंच मार्फत समन्बय गरि क्षमता बिकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

-गैंडाकोट नगरपालिकामा कृषिमा आधारित र औद्यौगिक जन्य बस्तुको उत्पादन हुने गरेको र नगरपालिका संग जोडिएका गा.बि.स एबं नगर मा समेत तरकारी,दुग्द जन्य बस्तु को उत्पादन हुने गरेको छ ।यसलाई बजारको माग अनुसारको समयमा पठाउन नपाउदा किसानहरुले उत्पादनको सहि मूल्य पाउन सकिरहेका छैनन त्यसको लागि सरकार-सहकारी-स्थानीय निकाय साझेदारी कार्यक्रम संचालन गरि सहकारी समन्वय मंच को सहकार्यमा नगरपालिकाको उपयूक्त स्थानमा एक COLD STORE को निर्माण कार्यको सुरुवात गरिने छ,जसबाट किसानहरुलाई ठुलो राहत हुने बिश्वास लिएका छौं ।

**-सुशासनः**

-सिमित जनशक्तिका बिचमा ठुलो अपेक्षा बोकेका नगरबासी लाई सेवा प्रबाह गर्ने क्रममा मा हाल हामिलाई केहि चाप बढेको महशुस गरेका छौं । सेवा प्रबाहलाई छिटो र छरितो तथा वार्ड कार्यालय

हरु बाट थप सेवा प्रदान गर्ने कार्यमा सहजता ल्याउन थप जनशक्ति पदपूर्ति गर्ने कार्य अगाडि बढी रहेको छ ।
-बिकेन्द्रिकरणको माध्यमबाट आमनगरबासीलाइ शासन प्रकृयामा सहभागी गराउन एबं सेवा प्रबाहमा सुशासनका उत्तरदायित्व,पारदर्शिता,जनसहभागिता जस्ता मान्यताहरुलाई कार्यान्वयनमा ल्याईने छ ।सार्बजनिक सुनुवाई,सामाजिक परिक्षण र नागरिकलाई सुचनाको पंहुच सुनिश्चित गर्दै लगिने छ ।

**-अन्य नीतिः**

-नगरको समग्र आन्तरिक आयलाई बृद्धि गर्न सरोकारवालाहरु(उद्योग बाणिज्य संघ,जिल्ला बिकास समिति,मद्यबर्ति क्षेत्र,सामुदायिक बन)संग समन्बय गरि नगरपालिकाले हालै तयार गरेको राजस्व सम्भाब्यता अध्ययन को प्रतिबेदनको आधारमा नयां स्रोत पहिचान गरिने छ ।
-समाजका बिभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने,तोकिएको जिम्मेबारी राम्रो संग सम्पादन गर्ने संघ,सस्था ,उपभोक्ता समिति र ब्यक्तिहरुलाई बिशेष गरि महिला,दलित आदिबासी,जनजाती पिछडिएको क्षेत्रमा काम गरी सामाजिक शसक्तिकरणमा योगदान दिनेलाई सम्मान गर्दै जाने नीतिलाई चालु आ.ब.बाटै शुरु गरिने छ ।
-नगरपालिकाले नेपाल पत्रकार महासंघ,NGO-FEDERATION,MEDIA HOUSE र समचारकर्मी संग सहकार्य गर्दै अगाडि बढिने छ ।
-नगरपालिकाको स्रोतबाट सम्भब नहुने योजनाहरुको लागि जिल्ला स्तर,केन्द्रस्तर र संघ संस्थाहरुको लगानी एबं सहयोगको लागि तत्तत् निकायमा अनुरोध गरिने छ ।

**आदरणिय प्रमुख अतिथि ,बिशिष्ठ अतिथि एबं अन्य महानुभाब हरु,**

-माथि उल्लेखित नीति तथा योजना तर्जुमाका आधारमा आर्थिक बर्ष २०७३/७४को लागि नगरपालिकाको बजेट तथा क्षेत्रगत कार्यक्रमको जानाकारी गराउन चाहान्छु ।
-आगामी आर्थिक बर्षका लागि नगरको कुल रु.१२ करोड ५१ लाख ८२ हजार को बार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगरपरिषद समक्ष पेश गरेको छु ।जुन चालु आ.ब.को भन्दा २ करोड २३ लाख ५९ हजार अर्थात १५.१५ प्रतिशतले न्यून रहेको छ ।यसो हुनुमा नेपाल सरकारबाट उपलब्ध हुने चालु अनुदान तथा पूजिगत अनुदान तर्फको बजेट कटौती ले गर्दा हो ।
-गत आ.ब.मा अनुमान गरिएको रु.१४करोड ७५ लाख ४१ हजार मध्य नेपाल सरकार चालु अनुदानमा रु.५४ लाख८९ हजार अनुमान गरिएकोमा रु. ४१ लाख मात्र प्राप्त हुन आएको छ ,भने पूजिगत अनुदानमा रु. ४ करोड ५०लाख ५२ हजार अनुमान गरिएकोमा रु.२ करोड ७६ लाख ३९ हजार मात्र प्राप्त भै अनुमान गरिए भन्दा ३७ प्रतिशत बजेट घटी प्राप्त भएको छ ।त्यसैले गर्दा यस चालु आ.ब.मा संचालित बिकास निर्माण लगाएत नगरपालिका बाट संचालन हुने बिभिन्न कार्यक्रममा समेत असर पर्न गई चालु आ.ब.को कार्यक्रममा बजेट घटाउन नगरपालिका बाद्य भएको छ ।
-आगामी आर्थिक बर्ष २०७३/७४को लागि प्रस्ताब गरिएको बजेट रु. १२करोड ५१ लाख ८२ हजार मध्य लागत सहभागिता कार्यक्रममा रु. १ करोड (नगरपालिका भबन निर्माण ),स्थानीय बिकास तथा सामुदायिक कार्यक्रम(LGCDP)मा ३५लाख,बाताबरण मैत्री स्थानीय शासन(EFLG)मा रु. १ करोड ६० लाख,सामाजिक सुरक्षा अनुदान(जेष्ठ नागरिक,एकल महिला,दलित बालबालिका लगाएत)मा रु.३ करोड २७ लाख र स्थानीय शुल्क(सार्बजनिक निर्माण) पूजिगत अनुदानको रु.८७ लाख ४३ हजार जस्ता शिर्षकगत अनुदान तर्फ प्रस्ताब गरिएका रकमहरु मन्त्रालयबाट तोकिएका शिर्षकहरुमानै खर्च गर्नु पर्ने भएकोले सो बाहेक नेपाल सरकारको पूजिगत अनुदान को ३ करोड १७ लाख ३९ हजार नगरपालिकाको आन्तरिक आम्दानी रु. १ करोड २५ लाख र राजश्व बाडफांडबाट प्राप्त हुने रकम रु. १ करोड गरी रु. ५ करोड ४२ लाख ३९ हजार मात्रको बजेट बिनियोजन गरिएको छ ।

-उक्त रकममा चालु खर्च तर्फ रु १ करोड ८७ लाख २५ हजार मात्र बिनियोजन गरिएको छ ।यो रकम गत बर्ष सोहि शिर्षकमा बिनियोजन  भएको भन्दा १४.५५ प्रतिशतले बढी हुन आउछ ।यसरी यो बर्ष रकम बढ्नुमा माथि नीति र कार्यक्रम उल्लेख भए अनुसार नगरपालिकाको स्वीकृत दरबन्दीको चालु आ.ब.मै पदपूर्ति गरिने भएको र निजहरुलाई तलब भत्ता लगायतमा खर्च गर्नु पर्ने भएकोले  रकम बढ्न गएको छ ।

-पूंजिगत  खर्च तर्फ शिर्षकगत अनुदान तर्फको रकम बाहेक आ.ब.२०७३/७४ को लागि जम्मा रु. लागि जम्मा रु. ३ करोड ५५ लाख १४ हजार  बजेट प्रस्ताब गरेको छु । यस अन्तरगत समपुरक कोषमा रु. ४० लाख ,कर्मचारी  कल्याण कोष बाहेक नगरपालिकाले प्रचलित कानुन बमोजिम खोल्नु पर्ने अन्य ६ वटा बिभिन्न कोषमा रकम जम्मा गर्न रु. १२ लाख, स्थानीय निकाय स्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधिले तोके बमोजिम प्राबिधिक परामर्श सेवामा रु.१० लाख ६५ हजार ४ सय २०, लक्षित समुह मध्य बालबालिका को लागि रु.४३ लाख ८७ हजार २ सय, महिला को लागि  रु.२९ लाख २४ हजार ८ सय ५८ ,आदिबासी जनजातीको लागि रु. १० लाख ९६ हजार ८ सय २१,दलितका लागि १० लाख ९६ हजार ८ सय २१ ,अपाङ्गको लागि रु.१० लाख ९६ हजार ८ सय २१ र जेष्ठ नागरिक को लागि रु. १० लाख ९६ हजार ८ सय २१ र आर्थिक,सामाजिक भौतिक पूर्बाधार मा रु. १ करोड १४ लाख ७ हजार ५ सय ७७  र प्रबर्द्धन तर्फ रु. ६१ लाख ४१ लाख ५ सय ७१ बिनियिजन गरिएको छ ।

**<u>आदरणिय प्रमुख अतिथि ज्यू एबं अतिथि ज्यू हरु</u>**

-राजश्व नीतिमा गरिएको नीतिगत सुधार,करका दर हरु र प्रशासनिक सुधार बाट आगामी आ.ब.२०७३/७४ मा  २ करोड २५ लाख राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

**अन्त्यमा ;**

यस नीति बजेट तथा कार्यक्रमको कार्यान्वियन बाट गैंडाकोट नगरपालिका को समाबेशी बिकास एबं सहभागित्तामूलक पद्धतिमा सहयोग पुगी नगरको  दिगो आर्थिक बृद्धि र बिकास द्धारा रोजगारी श्रृजना भई गरिबी न्यूनिकरण मा सहयोग पुगी समग्र गैडाकोट को समुन्नत बिकास को ढोका खुल्ने बिश्वास लिएको छु  ।चालु आ.ब.को बजेट कार्यान्वियनमा र आगामी आ.ब.को बजेट तर्जुमामा सहयोग पुर्याउन को लागि सल्लाह र सुझाब दिनु हुने माननिय सभासद, जिला बिकास समिति ,राजनीतिक दल का पदाधिकारी ज्यू हरु,नागरिक समाज,गैह्र सरकारी संस्था,संचार कर्मी मित्रहरु ,नगरपालिकाका बिभिन्न समिति का संयोजक एबं सदस्य ज्यू हरु,सुभेच्छुक ब्यक्ति हरु नगरपालिका कार्यालयका मेरा सहकर्मी कर्मचारी मित्र हरु सबैलाई धन्यबाद दिदै प्रस्तुत बजेट कार्यक्रमको सफल कार्यान्वियनमा यहाहरु सबैको सहयोग को निरन्तर अपेक्षा गरेको छु ।

**धन्यबाद । नमस्कार ।**